नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..............................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- २०७७/७८
चलानी नं. :-

मिति : ....२०७७.माघ.५.गते,
बिहानको ०१:१५ बजे

विषय :-

## प्रेस विज्ञप्ति

कोभिड-१९ को नयाँ प्रजाति/ भेरियन्टको उद्गमस्थल बेलायतबाट केही दिनअघि नेपाल आएकाहरूलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निगरानीमा राखेको र फर्किएकाहरु मध्ये ६ वटा नमुनाहरूको SARS-COV-2 परिक्षणको नतिजा नेपालमा परिक्षण गर्दा ३ वटा नमुनामा s-gene target नेगेटिभ देखिएकोमा उनीहरूमा नयाँ प्रजातिको भाइरसको संक्रमण भएको हो-होइन भन्ने पुष्टी गर्नका लागि मिति २०७७ पौष २७ गते विश्व स्वास्थ्य संगठनको सहयोगमा हङकङ प्रयोगशालामा नमुना पठाइएको थियो । उक्त नमुनाहरूको नतिजा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई ई-मेल मार्फत २०७७ माघ ५ गते प्राप्त भएको र ३ जनामा (२८ बर्षिया महिला, ६७ बर्षिय पुरुष र ३२ बर्षिय पुरुष) मा नयाँ प्रजातिको भाइरसको संक्रमण भएको पुष्टी भएको छ । उक्त प्रजाति बेलायतमा देखिएकै नयाँ भेरियन्ट Lineage B.1.1.7 or 20B/501Y.V1 भएको पुष्टी भएको हो । तीन जना मध्ये २८ बर्षिया महिला र ३२ बर्षीय पुरुष हाल RT-PCR नेगेटिभ भैसकेको र ६७ बर्षिय पुरुष पोजेटिभ नै रहेपनि लक्षण देखिएको छैन ।

जबसम्म यस रोगको नेपालमा भ्याक्सिन उपलब्ध हुँदैन, त्यतिन्जेलसम्म हामीले सावधानी अपनाउनु पर्ने देखिन्छ । सकेसम्म भीडभाडमा नजाने, जानु परे पनि दुई मिटरको दूरी कायम राख्ने, बाहिर जाँदा अनिवार्य रुपमा मास्क लगाउने र साबुन पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्नु नै मुख्य रोकथामका उपाय अपनाउन सबैमा अनुरोध छ ।

JGautam
.........................
डा. जागेश्वर गौतम
प्रवक्ता
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय